# प्रेस विज्ञप्ती

## माननीय अर्थमन्त्री डा. युवराज खतिवडासँग इजरायली अन्तर्राष्ट्रिय विकास निगमका प्रमुखको भेटवार्ता

माननीय अर्थमन्त्री डा. युवराज खतिवडासँग इजरायली अन्तर्राष्ट्रिय विकास निगमका प्रमुख गिल हासकेलले सोमवार भेटवार्ता गर्नुभएको छ ।

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले इजरायलले नेपाललाई लामो समय देखि गरिरहेको सहयोगका साथै पछिल्ला वर्षहरुमा नेपालीहरुलाई प्रदान गरेको रोजगारीको अवसर र कृषि क्षेत्रको सिकाइ लगायत अन्य सहयोगको लागि धन्यवाद दिनुभयो ।उहाँले नेपालसँग मानव, जल, जमिन जस्ता श्रोतहरु पर्याप्त भए तापनि प्रविधिको न्यून प्रयोगले गर्दा कृषि क्षेत्रमा उत्पादन क्षमता बढाउन नसकिएको र इजरायलबाट त्यो प्रविधि हस्तान्तरण गरी फाइदा लिन सकिने बताउनु भयो।

सो भेटमा माननीय अर्थमन्त्रीले नेपालमा लगानीका लागि उपयुक्त वातावरण भएको जानकारी गराउनु भयो।कृषि क्षेत्रमा प्रविधिको हस्तान्तरण गर्नका लागि इजरायली लगानीकर्ताहरुलाई अनुरोध गर्नु हुदै उहाँले नेपालमा कृषिक्षेत्रको उत्कृष्ट नमूना केन्द्र (Centre of Excellence) स्थापनाका लागि नेपाल सरकार सकारात्मक रहेको जानकारी गराउनुभयो ।

इजरायली अन्तर्राष्ट्रिय विकास निगमका प्रमुख गिल हासकेलले नेपालमा कृषि क्षेत्रको उत्कृष्ट नमूना केन्द्र (Centre of Excellence) स्थापना गर्नमा कसरी सहयोग गर्न सकिन्छ भन्ने सन्दर्भमा नेपाल भ्रमण गरेको बताउनु भयो। उहाँले इजरायल कम पानी, कम माटो भएको देश भएको र थोरै जनसंख्या मात्र कृषि क्षेत्रमा लागेको अवस्थामा समेत कृषिमा आत्मनिर्भर मात्र नभएर प्रशस्त मात्रामा कृषि उपजहरु निर्यात गरिरहेको बताउदै यसको मुख्य कारण नै प्रविधिको प्रयोग हो, त्यसबाट नेपालले फाइदा लिन सक्ने जानकारी गराउनु भयो।सिक र कमाऊ (Learn and Earn) कार्यक्रम अन्तर्गत प्रत्येक वर्ष ५०० जना नेपाली युवाहरु इजरायल जाने र उनीहरुले त्यहाँ निकै राम्रो कार्य सम्पादन गरिरहेका बताउदै उहाँले इजरायली लगानीकर्ताहरु नेपालको कृषि क्षेत्रमा लगानी गर्न इच्छुक रहेको जानकारी दिनुभयो।

सो भेटमा नेपालका लागि इजरायली राजदूत बेनी ओमर, इजरायलका लागि नेपाली राजदूत अन्जान शाक्य लगायत अन्य पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

२०७६।०८।२४
**अर्थ मन्त्रालय, सिंहदरबार।**